# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।११।०७

## प्रेस विज्ञप्ति

समाचार संकलनमा रोक लगाउँदै राष्ट्रिय स्वतन्त्रता पार्टीका कार्यकर्ताले पत्रकारलाई दुर्व्यवहार गरेकोप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

कैलालीको धनगढीमा २०८२ फागुन ६ गते आयोजित चुनावी सभामा पुगेका पत्रकारलाई उक्त पार्टीको पासविना जान नमिल्ने भन्दै कार्यकर्ताबाट धकेल्ने कामसमेत भएको महासंघको सुदूरपश्चिम प्रदेश समितिले जनाएको छ ।

संवैधानिक अधिकारको निर्वाह गर्दा पत्रकारलाई एउटा जिम्मेवार राजनीतिक दलका तर्फबाट गरिएको यो गैरराजनीतिक व्यवहारले लोकतन्त्रको उपहास र प्रेस स्वतन्त्रताको हनन् भएको महासंघको ठहर छ । महासंघ यो घटनाको भर्त्सना गर्दछ ।

र, प्रेस स्वतन्त्रताको सम्मान गरी आगामी दिनमा यस्ता व्यवहार नदोहोऱ्याई पत्रकारलाई निर्बाध अधिकार उपभोगमा सघाउन सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल

महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal

Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org